# निसीखोला गाउँपालिका, देवीस्थान, बागलुङको आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य


निसीखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

देविस्थान, बागलुङ नेपाल

उपाध्यक्ष श्री प्रेमवहादुर घर्तिमगर ज्यू वाट निसीखोला गाउँसभाको १८ औ अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८३।८४ को वार्षिक वजेट तथा कार्यक्रम ।

मिती : २०८३।०३।१०

सभाका अध्यक्ष ज्यू,
प्रमुख अथिती ज्यु
सभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू,
राष्ट्रसेवक कर्मचारी मित्रहरु,
सुरक्षकर्मी ज्यूहरु
पत्रकार ज्यूहरु ।

निसीखोला गाउँपालिकाको उपाध्यक्ष एवं वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८३।८४ को वजेट तथा कार्यक्रम प्रस्तृत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छु ।

यस अवसरमा राष्ट्रिय स्वाधिनता,स्वतन्त्रता,प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, यूवाहरुको जेन जी आन्दोलन लोकतान्त्रीक गणतन्त्र तथा सामाजिक न्याय , तथा परिवर्तनका लागि वलिदान हुने सम्पर्ण ज्ञात अज्ञात वीर सहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। मलुकको अग्रगामी परिवर्तनका लागि भएकासवै प्रकारका गणतन्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्ने सवै राजनीति अग्रजप्रति सम्मान व्यक्त गर्न चाहन्छु, साथै आन्दोलनका क्रममा सवै घाइते वेपत्ता योद्धा एवं पीडित परिवार र नागरिक प्रति शिघ्र स्वास्थ्य लाभको कामना सहित हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना संगै स्थापित भएको संघीयताले प्राप्त गरेको उपलव्धिका रुपमा रहेको स्थानिय सरकार संचालन गर्ने सुनौलो अवसर प्राप्त भएको पनि दोस्रो कार्यकालको निर्वाचित भई पाँचौ बर्षमा आएका छौ । यस अवधिमा हामीले धेरै चुनौतिहरुको सामाना गर्दै आसलाग्दा उपलव्धी समेत भएका छन् । स्थानिय शासनको प्राप्त उपलव्धी संगै

गाउँवासीहरुले आफ्नो नजिकको भेट्न महशुस गर्न र छुन सकिने सरकार आफूसंगै नै आएको अनुभव समेत प्राप्त भएको छ ।

नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारको आर्थिक समृद्धि हासिल गर्ने उद्धेस्यलाई सार्थक तुल्याउनका लागि नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम निसीखोला गाउँपालिकाको आगामी आ.व. २०८३।८४ का अनुमानित वार्षिक वजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

**आगामी आ.व. २०८३।८४ का वजेटका आधारहरु निम्नानुसार रहने छन** :

१ आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले यो वर्ष सम्म हासिल भएका उपलव्धिहरु संस्थागत गर्दे जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिवाट नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको रुपमा स्थापित गर्न यो वजेट केन्द्रित गरेको छु ।

२. आगामी वर्षको वजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान , सोह्रौ योजना, नेपाल सरकार तथा प्रदेश सरकारको नीति कार्यक्रम तथा वजेट वक्तव्य, दिगो विकास लक्ष्यहरु विविध कानूनहरुलाई मुख्य आधार वनाएको छु ।

३. अनावश्यक खर्च घटाउने तथा पूंजीगत वजेटको अंश वृद्धि गर्ने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी वजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको छनौट, साधन श्रोतको वांडफांड र विनियोजनमा योजनाहरुको दोहोरोपनलाई न्यूनिकरण गर्ने व्यवस्थापन गरेको छु ।

सभाका अध्यक्ष ज्यू,

सभाका सदस्यज्यूहरु,

अब म निसीखोला गाउँपालिकाको आर्थिक बर्ष २०८३।८४ को बजेट तर्जुमाको क्रममा लिईएका प्रमुख आधारहरु यस सभामा प्रस्तुत गर्न चाहन्छु ।

१. नेपालको संविधान

२. स्थानीय सरकार संचालन ऐन २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
५. दिगो विकासका लक्षहरु
६. सोह्रौ आवधिक योजना
७. संघीय सरकार र प्रदेश सरकारको निति कार्यक्रम तथा बजेट
८. संघीय तथा प्रदेश सरकारबाट विभिन्न समयमा जारी भएका परिपत्रहरु
९. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८
१०. निसीखोला गाउँपालिको दोस्रो आवधिक योजना
११. विषयगत समितिहरुबाट बाट प्राप्त सुझावहरु
१२. नागरिकस्तरबाट प्राप्त सुझावहरु
१३. विभिन्न साझेदार संघ संस्थाहरु संग भएका सहकार्यको प्रतिवद्धता
१४. गाउँपालिकाको आन्तरिक स्रोत साधन परिचालनको अवस्था ।

सभाका अध्यक्ष ज्यू,
सभाका सदस्यज्यूहरु,

अव म आगामी आर्थिक वर्ष २०८३।८४ को वजेटका उद्देश्यहरु तथा प्राथमिकता प्रस्तुत गर्दछु :

"वन, जलस्रोत संस्कृति,पर्यटन र कृषि"
"सभ्य, सम्मुन्नत सुखि र समृद्द निसी"

भन्ने हाम्रो लक्ष हासिल गर्नको लागि वलियो आधार तय गर्नु यस वजेटको मूल उद्देश्य रहनेछ भने अन्य उद्देश्यहरु देहाय अनुसार छन् ।

क) जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु

ख) कृषि ,पशुपालन लगायतका क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।
ग) गाउंपालिकामा रहेको गरिवी न्यूनीकरण  गर्न रणनीतिक योजनाहरुको तर्जुमा गर्ने ।
घ) सर्वसलभ तथा गुणस्तरिय स्वास्थ्य सेवा उपलव्ध गराउने ।
ङ) शिक्षा क्षेत्रमा लगानीको मात्रा वढाई पालिकाको शिक्षाको गुणस्तरमा परिवर्तन गर्ने ।
च) गाउंपालिकाको आर्थिक,सामाजिक,एवं पूर्वाधार विकासको संभावनालाई टेवा दिने ।
छ) कानूनी राज्य र दिगो विकासको अवधारणालाई स्थानिय सरकार देखि सुद्धृढीकरण गर्ने ।
ज) मध्यमकालिन खर्च संरचनालाई कार्यान्वयन गर्ने ।
झ) आवधिक पंचवर्षिय विकास योजनालाई कार्यान्वयन गर्ने ।
ञ) कृषि क्षेत्रमा रहेका परनिर्भरतालाई अन्त्य गरी आर्गनिक कृषि उत्पादन एवं कृषिमा आत्मनिर्भरताको दिशामा अगाडी बढाउने ।
ट) सुशासन प्रबद्र्धन गरी विकास आयोजना एवं कार्यक्रम,सार्वजनिक सेवा प्रवाहलाई नतिजामुलक र उत्पादन मुलक बनाई जनतामा प्रत्यक्ष स्थानीय सरकारको अनुभुति दिलाउने ।
ठ) नगर गुरुयोजनालाई कार्यान्वयन गर्ने ।
ड) पालिकाको मुहार फेर्ने नयाँ आयोजनाहरु संचालनमा ल्याउने ।

**अव म आर्थिक वर्ष २०८३।८४ को लागि राजश्वका नीति प्रस्तुत गर्न चाहन्छु**

१. स्थानिय सरकारको अधिकार क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजश्व वृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु ।
२. गाउँपालिकाको राजश्व प्रणालीलाई न्यायपूर्ण,पारदर्शी र प्रविधिमा आधारित वनाई आन्तरिक आयलाई मूल आधारको रुपमा विकास गर्ने नीति लिएको छु ।
३. गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्वन्धि ,आर्थिक रुपमा कमजोर रहेकाहरुलाई निशुल्क उपचार सम्वन्धि तथा प्राकृतिक प्रकोप सम्वन्धि सिफारिश दस्तुर छुट गरिनेछ ।

४. रोडा, ढुंगा, गिटी वालुवा, लगायतका दहत्तर , वहत्तर शुल्क , विज्ञापन कुर र मनोरन्जन कर स्थानिय तहवाट संकलन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

५. गाउँपालिका भित्रका व्यापारिक  र व्यावसायिक प्रकृतिका मनोरन्जनका महोत्सव, उत्सव तथा मेला आदिमा मनोरञ्जन करको व्यवस्था मिलाइनेछ ।

६. गाउँपालिका भित्रका घर नक्सा पास प्रक्रियालाई वि.स. २०८३ साल श्रावण १ गते देखि कडाईका साथ लागू गरिनेछ । घर नक्सा पास प्रक्रिया विना घर निर्माण गर्ने जो सुकैलाई कानूनको दायरामा लिइनेछ ।

७. आर्थिक रुपले विपन्न , अशक्त र असहाय अवस्थामा रहेका नागरिक मैत्री कर प्रणालीलाई विकसित गरिनेछ ।

८. गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोवारको आधारमा  व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसाय करको दायरामा लिइनेछ । कर सम्वन्धि प्रस्ताव आर्थिक विधेयकमा प्रस्तुत गरेको छु । कर सम्वन्धि प्रस्ताव २०८३ श्रावण १ गते देखि  लागु हुने व्यवस्था मिलाएको छु ।

**सभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

अव म वजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने वजेट विनियोजन र श्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

| क्र.स. | आय | बजेट | अक्षरुपी |
|---|---|---|---|
| १ | समानिकरण अनुदान संघीय सरकार | ९,९८,००,०००। | नौ करोड अन्ठानब्ये लाख । |
| २ | राजश्व बाँडफाँड बाट प्राप्त हुने आय संघीय सरकार | ११,२३,९७,०००। | एघार करोड तेईस लाख सन्तानब्ये हजार । |
| ३ | सशर्त अनुदान चालु संघीय सरकार | २४,९१,४४,०००। | चौविस करोड एकानब्ये लाख चवालिस हजार । |
| ४ | सशर्त अनुदान पुजिगत संघीय सरकार | ० | ० |
| ५ | समपुरक अनुदान संघीय सरकार | ८०,००,०००। | असि लाख । |
| ६ | विशेष अनुदान संघीय सरकार | १,८०,००,०००। | एक करोड असी लाख । |
| ७ | समानिकरण अनुदान प्रदेश सरकार | १,१६,५१,०००। | एक करोड सोह्र लाख एकाउन्न हजार |
| ८ | राजश्व बाँडफाँड बाट प्राप्त हुने आय प्रदेश सरकार | १,०३,३३,३९३। | एक करोड तिन लाख तत्तिस हजार तिन सय त्रियानब्ये । |
| ९ | समपुरक अनुदान प्रदेश सरकार | ६०,००,०००। | साठि लाख । |
| १० | विशेष अनुदान प्रदेश सरकार | ४०,००,०००। | चालिस लाख । |
| ११ | आन्तरिक आय (आन्तरिक राजश्व) | ९०,००,०००। | नब्ये लाख |
| १२ | स्थानीय राजश्व बाँडफाँड बाट प्राप्त हुने राजश्व | १५,००,०००। | पन्ध्र लाख |
| १३ | संचित कोष बाट अल्या | १,५०,००,०००। | एक करोड पचास लाख । |
| | जम्मा | ५४,४८,२५,३९३। | चौपन्न करोड अठचालिस लाख पच्चिस हजार तिन सय त्रियानब्ये रुपैया । |

श्रदय सभाध्यक्ष महोदय,

आर्थिक बर्ष २०८३।८४ को कुल बजेट **५४,४८,२५,३९३।** अक्षरुपी **चौपन्न करोड अठचालिस लाख पच्चिस हजार तिन सय त्रियानब्ये रुपैया** )को स्रोत अनुमान बाट ससर्त,समपुरक अनदान र बिशेष अनुदानलाई यथावत राखी अन्य आयस्रोत बाट अनुमानित २५,९६,८१,३९३। पच्चिस करोड छयानब्ये लाख एकासी हजार तिन सय त्रियानब्ये रुपैयाँ लाई आधार मानी चालु र पुजिगत खर्चको विस्तृत विवरण प्रस्तुत गर्न चाहन्छु । आगामी आ.व. २०८३।८४ मा चालु खर्च तर्फ १३,९४,०८,००। तेह्र करोड चौरानब्ये लाख आठ हजार तथा पुजिगत तर्फ १२,०२,७३,३९३। बाह्र करोड दुई लाख त्रिहत्तर हजार तिन सय त्रियानब्ये रुपैया बजेट बिनियोजन गरेको छु ।

सभाका सभाध्यक्ष महोदय,

**अब म वडागत बजेटको विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

१. वडा नं १ को लागि रु १९ लाख ८१ हजार ।
२. वडा नं २ को लागि रु १७ लाख ९९ हजार ।
३. वडा नं ३ को लागि रु १८ लाख पच्चिस हजार ।
४. वडा नं ४ को लागि रु १५ लाख ७७ हजार ।
५. वडा नं ५ को लागि रु २१ लाख २२ हजार ।
६. वडा नं ६ को लागि रु २३ लाख १२ हजार ।
७. वडा नं ७ को लागि रु १६ लाख ८० हजार ।

गरि ७ वटै वडामा कुल १ करोड ३३ लाख बजेट विनियोजन गरेको छु ।

**अब म क्षेत्रगत बजेटको विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

**<u>सामाजिक विकास</u>**

**शिक्षा-**

१. गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुको तलव भत्ताको लागि रु ३५४२३०००। तिन करोड चौपन्न लाख तेईस हजार बजेट बिनियोजन गरेको छु ।
२. तथा सुपरिवेक्षण प्रणालीलाई व्यवस्थित र प्रभावकारी नतिजामुखी बनाईने छ । उक्त कार्यको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
३. निसीखोला गाउँपालिकाको स्थानीय पाठ्यक्रममा आधारित शिक्षण सिकाई लाई थप प्रभाकारी बनाईने छ । जसका लागि स्थानीइ पाठ्यक्रममा आधारित शिक्षक क्षमता विकास तालिम संचालन गरिने छ । उक्त कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
४. स्थानीय पाठ्यपुस्तक लेखन तथा अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईने छ । उक्त कार्यका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
५. पालिकाभरिको शैक्षिक गतिविधिलाई एकरुपता कायम गर्नको लागि निसीखोला शैक्षिक क्यालेण्डर निर्माण गर्नको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
६. कक्षा १ देखी ५ सम्म आन्तरिक विद्यार्थी मूल्याँकन को लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
७. प्रधानाध्यापकहरुको मासिक बैठक व्यवस्थापनका लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।
८. निसीखोला गाउँपालिका पशु विज्ञान प्राविधिक धारमा अध्ययनरत विद्यार्थीलाई मापदण्डका आधारमा छात्राबृत्ति प्रदान गरिने छ । उक्त कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु
९. शिक्षकहरुको लागि क्षमता विकास तालिम संचालन गरिने छ । उक्त कार्यक्रमको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

**स्वास्थ्य –**

१. पालिका भित्रका सम्पुर्ण स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाईलाई आवश्यक पर्ने औषधी तथा उपकरण खरिद गर्नका लागि २० लाख विनियोजन गरेको छु ।
२. गर्भवति पोषण कार्यक्रम लाई निरन्तरता दिएको छु । जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३. "बृद्ध आमाबुवाको नातो, न्यानो कपडाः अध्यक्ष भेट हुने बाटो" भन्ने नारा सहितको बृद्ध तथा जेष्ठ नागरिक संग अध्यक्ष भेटघाट कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
४. उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दम, मृगौला, कलेजो र महिलाको पाठेघर सम्वन्धी रोगको रोगथाम, पहिचान, परिक्षण र उपचारका लागि अभियान र घुम्ति सेवाको विस्तार तथा संचालन गरिने छ । उक्त कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
५. एम्बुलेन्स सेवाको प्रयोग गर्दै गाउँपालिका क्षेत्रभित्र एम्वुलेन्स सेवाको विस्तार गरिने छ । उक्त कार्यको लागि एम्वुलेन्स व्यवस्थापन कोषको लागि रु १८ लाख बजेट बिनियोजन गरेको छु ।
६. महिला स्वास्थ्य स्वंयमसेविकाहरुको लागि मोवाईल स्वास्थ्य कार्यक्रम लाई निरन्तरता दिईने छ । उक्त कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी गतिशिल र गुणस्तरिय स्वास्थ्य सेवामा जोड दिईने छ । स्वास्थ्य संस्थाहरुको लागि प्रशासनिक तथा कार्यालय सामाग्री व्यवस्थापन तथा मर्मत कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**पञ्जिकरण**

१. पञ्जिकरण सेवालाई थप प्रभावकारी बनाईने छ । सेवामा संलग्न कर्मचारीहरुको क्षमता विकास को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**यूवा तथा खेलकुद** –

१. विभिन्न कला तथा संस्कृतिको जगेर्ना तथा संरक्षण गरिने छ । परम्परागत संस्कृति, कला तथा खेलकुदको संरक्षण तथा व्यवस्थापन गर्न रु २० लाख बजेट बिनियोजन गरेको छु ।

२. अध्यक्ष कप संचालन गरिने छ । उक्त कार्यको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

१. सामाजिक विभेदका कारण आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका बर्ग लिङ्ग समुदाय र लक्षित बर्गलाई मुलप्रवाहीकरण गर्न पालिकामा समतामुलक कार्यक्रमहरु संचालन गरिने छ । जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२. उत्पिडित समुदाय र महिला दिदिबहिनीहरुको उद्यमशिलता आयआर्जन सिप र नेतृत्व विकास कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

३. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु**

**आर्थिक विकास** –

**कृषि** –

१. गाउँपालिकाको सम्भावनाको रुपमा रहेको च्याउ खेति प्रवर्द्धनको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

२. साना सिंचाई मर्मत संभार कार्यक्रमलाई निरन्तरता दिईएको छ । उक्त कार्यक्रमको लागि रु ८ लाख बजेट विनियोजन गरेको छु ।

३. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धिका लागि गाउँपालिका भित्र रहेको खेतियोग्य जमिनको माटो परिक्षणको दायरालाई बढाईने छ । उक्त कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
४. कृषि उपजहरुको उत्पादन बृद्धिको लागि गुणस्तरिय मल, बीउ बिजन जैविक बिषादी लगाएतका सामाग्रीहरुको सहज र सुलभ उपलब्धता गराईने छ । उक्त कार्यका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
५. नगदे बालिको रुपमा रहेको अकबरे खुर्सानी खेति तर्फ किसानलाई आकर्षित गरि उत्पादकत्वमा बृद्धिमा जोड दिईने छ । उक्त कार्यका लागि रु २ लाख बजेट बिनियोजन गरेको छु ।
६. स्थानीय तथा रैथाने बाली बस्तुको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्न बाली बिशेष कार्यक्रम संचालन गरिने छ। उक्त कार्यका लागि आवश्यक बजेट बिनियजन गरेको छु ।
७. गाउँपालिका भित्र सुख्खा क्षेत्र तथा उच्च उत्पादन सम्भावना बोकेका क्षेत्रलाई लक्षित गरि कृषकको आवश्यकता र माग बमोजिम प्लाष्टिक पोखरी टनेल र साना सिंचाई योजनाहरुलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ । उक्त कार्यका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

<u>पशु –</u>

१. कृषि कार्यका लागि अनिवार्य आवश्यक पर्ने गोरु पालन कृषकहरुलाई प्रोत्सान गरिने छ। उक्त कार्यक्रमको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
२. पशुपन्छीहरुमा महामारीको रुपमा संङ्क्रमण हुने रोगहरुको रोकथामको लागि आकस्मिक रोग नियन्त्रण तथा खोप कार्यक्रम संचालन गरिने छ । उक्त कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
३. भेडा पालन गरिरहेका कृषक लाई समेटि गाउँपालिको गौरवको आयोजनाको रुपमा बृहत भेडा पालन पकेट क्षेत्रको रुपमा बिकास र विस्तार गर्दै लगिने छ। जसका लागि संघीय सरकार संग  समन्वंयमा संचालन गरिने छ ।

**लघु उद्यम** –

१. स्थानीय कच्चा पदार्थ प्रयोग तथा उत्पादन मार्फत साना तथा घरेलु उद्योगलाई प्रोत्सान गरिने छ । उक्त कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२. स्थानीय सिप तथा कलाको प्रबर्द्धन गरिने छ। जसका लागि चोया बाट बन्ने हस्तकला सामाग्री निर्माण र सिलाईकटाई सम्वन्धि सिप विकास तालिम संचालन गरिने छ । जसका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

**रोजगार** :

१. रोजगारीको हक सम्वन्धी कार्यान्वयन गर्नको लागि "सबैका लागि रोजगार संबैधानिक अधिकार" सार्थक बनाउन रोजगारी सृजना सम्वन्धी विविध कार्यक्रम संचालन तथा व्यवस्थापन गरिने छ । जसका लागि संघीय सरकार संगको लागत साझेदारीको लागि रु १० लाख ४७ हजार बजेट बिनियोजन गरेको छु ।

२. सुरक्षित बैदेशिक रोजगारी सम्वन्धी अभिमुखीकरण कार्यक्रम तथा सुचना प्रवाह प्रभावकारी बनाईने छ ।

**सहकारी** :

१. सहकारीको अनुमगन र निरिक्षण कार्यलाई प्रभावकारी बनाईने छ । संकट ग्रस्त सहकारीको पहिचान गरि समस्या समाधान गरिने छ । पालिकाको नियमनभित्र नआउने सहकारीलाई कानुन बमोजिम कार्वाही गर्ने व्यवस्था गरिने छ ।

**गौरवका आयोजनाहरु**

: **बहुबर्षिय**

निसीखोला गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको पहिचान गरि विस्तार गर्दै लगिने छ ।

१.निसीखोला गाउँपालिकाको वडा नं ६ स्थित रिघा ताल क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पालिका स्तरिय गौरवको आयोजनाको रुपमा अगाडि बढाईएकोमा थप निरन्तरताको लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

२.नरसिंङकोट पर्यटकीय क्षेत्र निर्माणको लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

३. सामुदायिक भवन निर्माण तथा खेलमैदान व्यवस्थापन वडा नं २ बाहुनगाउँको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

४. वातावरण संरक्षण मञ्च खेलमैदान व्यवस्थापन को लागि रु २० लाख बजेटको व्यवस्था गरेको छु ।

५., किटेनी दह हुदै सानो नाङ्गे सडक निर्माण को लागि रु २० लाख बजेट को व्यवस्था गरेको छु ।

६. कुडेढोर विद्यालय भवन निर्माण र खेलमैदान व्यवस्थापन को लागि रु ३० लाख बजेट विनियोजन गरेको छु ।अन्य तेस्रो पक्ष तथा संघ संस्था संग लागत साझेदारीमा समेत कार्य गर्न सकिने गरि व्यवस्था मिलाएको छु ।

७. अर्नाकोट पर्यटकीय क्षेत्र विस्तारको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

श्रद्धेय अध्यक्ष महोदय,
गाउँसभाका सदस्यज्यूहरु।

**पुर्वाधार विकास** –

१. गाउँपालिकामा संचालन हुने विभिन्न ठुला तथा साना सबै प्रकारका आयोजनाहरुको वातावरणिय प्रभाव मुल्याँकन गरेर मात्र संचालन गर्ने व्यवस्था मिलाईने छ । उक्त कार्यका लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।
२. पालिका स्तरिय गौरवका आयोजनाहरु संचालन तथा व्यवस्थान गर्न पुर्व आयोजनाको सम्भाव्यताको विस्तृत अध्ययन (DPR) गर्ने व्यवस्था मिलाईने छ । उक्त कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३. गाउँपालिका क्षेत्रभित्र विभिन्न प्राकृतिक श्रोत तथा खानीको खोजि गरि संम्भाव्यता अध्ययन गरि संचालन तथा व्यस्थापन गरि पालिकाको आन्तरिक राजश्व बृद्धिको प्रमुख स्रोतको रुपमा विकास गरिने छ । जसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
४. संघीय सरकार र गण्डकी प्रदेश सरकार संगको साझेदारीमा समपुरक कोष मार्फत रु ७६ लाख बजेट बिनियोजन गरेको छु ।
५. निसीखोला गाउँपालिकाको प्रशासकीय भवन सुरक्षित एंव व्यवस्थित गरिने छ । भवन को तला थप गर्ने कार्य फिनिसिङ लागि रु ३० लाख बिनियोजन गरेको छु ।
६. निसीखोला गाउँपालिका वडा न २ को अर्नाकोटलाई खानेपानीको पंहुच उपलब्ध गराईने छ । उक्त कार्यका लागि साझेदारी संस्था नेपाल रेडक्रस सोसाईटी कास्की शाखा, यूनिका फाउण्डेसन दि नेदरल्याण्ड संगको साझेदारीमा बृहत आयोजना संचालन

गरिदै छ । जसका लागि गाउँपालिकाले लागत साझेदारीका निरन्तरता भैरहेको छ ।उक्त रकम दायित्वको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

७. गैर सरकारी संस्था संग खानेपानी योजना संचालन गर्नको लागि लागत साझेदारी को लागि आवश्यक रकम बिनियोजन गरेको छु ।

८. संघीय सशर्त अनुदान पुजिगत अन्तर्गत झोलुङ्गे पुल योजनाहरुको भुक्तानी दायित्व सृजना भई थप भार परेको र उपभोक्ता मारमा परेको महशुस भएको छ । झोलुङ्गे पुलको दायित्व भुक्तानीको लागि आवश्यक केही रकम विनियोजन गरेको छु ।

९. विकास तथा रोजगारी सृजना हुने योजनाहरुको कार्यान्वयन उपभोक्ता समिति मार्फत गरिने । र उपभोक्ता समिति लाई दक्ष बनाउन उपभोक्ता समितिको लागि क्षमता विकास तालिम दिने व्यवस्था मिलाईने छ । उक्त कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१०. दिर्घकालिन महत्वका भौतिक संरचनामा प्रयोग हुने बाह्य तथा स्थानीय निर्माण सामाग्रीहरुको प्रयोगशाला परिक्षण गरि भौतिक संरचनाको गुणस्तर सुनिश्चितता गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

११. संघीय तथा प्रादेशिक सशर्त अनुदान, समपुरक अनुदान, बिशेष अनुदानका कार्यक्रमहरुको श्रावण र भाद्र महिना भित्रै ठेक्का आह्वान गरि समयमै योजना सम्पन्न गर्ने व्यवस्था मिलाईने छ ।

**बन वातावरण तथा विपद व्यवस्थापन** –

बढ्दो जलबायू परिवर्तन र यसको प्रभावबारे जनचेतना अभिबृद्धि गर्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ । जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१. विपद तथा प्रकोप व्यवस्थापनका लागि बिपद तथा प्रकोप व्यवस्थापन कोषको स्थापना गरि संचालनमा ल्याईने छ । उक्त कार्यको लागि रु २५ लाख बजेट बिनियोजन गरेको छु ।

२. दिगो विकासको लक्ष्य प्राप्ति तथा पर्यावरणीय वातावरण संरक्षण गर्न वातावरण कोषको स्थापना गरि संचालनमा ल्याईने छ । उक्त कार्यको लागि रु ५ लाख बजेट बिनियोजन गरेको छु ।
३. गाउँपालिका भित्र रहेका खानेपानी मुहान तथा सरसफाई आयोजनाहरुको दिगोपनाको लागि सामुदायिक खानेपानी मुहान संरक्षण कार्यक्रम संचालन गरिने छ । उक्त कार्यका लागि रु ७ लाख बजेट बिनियोजन गरेको छु ।
४. पहिरो तथा भुक्षयग्रस्त क्षेत्रहरुमा बृक्षारोपण गरी संरक्षण एवं सम्वर्द्धन कार्यक्रम संचालन गरिने छ जसका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
५. आवास तथ बस्ति विकासका लागि फुस तथ खरको छाना भएका घरपरिवारका आवासलाई जस्तापाताले प्रतिस्थापन कार्यक्रम संचालन गरिने छ । उक्त कार्यका लागि रु १० लाख बजेट बिनियोजन गरेको छु ।

**संस्थागत बिकास सेवा प्रवाह तथा सुशासन –**

१. सेवा प्रवाह, योजना र कार्यक्रमको प्रभावकारिता परिक्षणको लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण अनिवार्य गरिने छ । यसका आवश्यक रकम विनियोजन गरेको छु ।
२. निसीखोला गाउँपालिकाको राजश्व संकलन लाई प्रविधिमैत्री बनाईने छ । यसका लागि कर्मचारीको क्षमता एवं दक्षता विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३. निसीखोला गाउँपालिकामा संचालन हुने सबै प्रकारका व्यापार व्यवशायलाई करको दायरामा ल्याईने छ । नागरिकलाई स्वस्थ र गुणस्तरिय वस्तु तथा सेवा प्राप्तिको प्रत्याभुति दिलाईने छ । जसका लागि नियमित रुपमा बजार अनुगमन कार्यलाई प्रभावकारी बनाईने छ । उक्त कार्यका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

४. कार्यालयको अभिलेख व्यवस्थापन प्रकृयालाई प्रविधिमैत्री बनाईने छ । र पुराना अभिलेखको डाटा सफ्टवेयर प्रणालीमा प्रविष्टि गरिने व्यवस्थापन गरिने छ । उक्त कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
५. सार्वजनिक प्रशासन लाई स्वच्छ, निस्पक्ष, पारदर्शी, जनउत्तरदायी सुदृढ एवं जवाफदेही बनाउदै सुशासनको प्रत्याभुति दिलाईन नतिजामुखी कार्यमा जोड दिईने छ उत्कृष्ठ कार्य गर्न कर्मचारी लाई प्रोस्सान को व्यवस्था गरिने छ ।
६. करको दायरा बढाउन तथा कर संकलन लाई प्रभावकारी बनाईने छ । समुदायमा करदाता शिक्षा कार्यक्रम लागु गरिने छ ।

**न्यायिक समिति** –

१. न्यायिक सेवा सरल सहज र छरितो बनाउन प्रदेश सरकार संगको समन्वयमा न्यायिक सहजकर्ता व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
२. सबै वडाहरुमा मेलमिलापकेन्द्र स्थापना गरि मेलमिलापको माध्यम द्धारा विवाद निरुपण गरिनेछ । मेलमिलापको सहज वातावरण बनाउन गाउँपालिकामा सूचिकृत मेलमिलापकर्ताहरुका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
३. बागलुङ जिल्ला स्तरिय न्यायिक सम्मेलन गरिने छ जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
४. असाह र लैगिंक हिसांमा परेका महिलाहरुको लागि निशुल्क कानूनी सहायता प्रदान गर्ने व्यवस्था मिलाईने छ जसका लागि रु ३ लाख बजेट विनियोजन गरेको छु ।

**<u>अन्य क्षेत्र</u>**

- विभिन्न भैपरि रुपमा आईपर्ने महामारी तथा आकस्मिक रोग नियन्त्रण तथा व्यवस्थापनको लागि आकस्मिक रोग नियन्त्रण कोष गरि संचालन हुने व्यवस्था मिलाएको छु उक्त कोष संचालन तथा व्यवस्थापन गर्न कार्यविधि स्वीकृत गरिने छ। उक्त कार्यको लागि रु ५ लाख बजेट बिनियोजन गरेको छु ।

- बिभिन्न क्षमता विकास तथा कार्यशाला गोष्ठि संचालन गरिने छ । जसको लागि अन्तरसरकारी निकाय संग समन्वंय एवं साझेदारीमा कार्य गर्न G to G लागत साझेदारी कार्यक्रमको लागि रु १० लाख बजेट बिनियोजन गरेको छु ।

चालु आर्थिक बर्ष २०८२।८३ मा प्रक्षेपण गरिएको आन्तरिक राजश्व लक्ष्य अनुसार संकलन भए पनि आन्तरिक राजश्वको हिस्सा न्यून भएको हुदा गत आ.व.को तुलनामा करको दायरालाई फराकिलो बनाउदै अनुमानित लक्ष्य प्राप्तिका लागि बिशेष ध्यान दिईने छ । साथै पालिकाको समग्र विकास पालिका बासिहरुको सहयोग र प्रयास वाट मात्रै सम्भव रहने भएकोले अनुमानित आन्तरिक राजश्व (कर) समयमा नै असुलहुने अपेक्षा राखेको छु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**
**आदरणीय सभाका सदस्य ज्यूहरु,**

हामी निर्वाचित भएको चौथो बर्ष पुरा भई पाँचौ बर्षमा आएका छौ यस अवसरमा हामीलाई मतदान गरि निर्वाचित गराउनुहुने सम्पुर्ण निसीखोलाका मतदाता ज्यूहरु, कर्मचारी मित्रहरु राजनिति पार्टिका प्रतिनिधी ज्यूहरु लाई विशेष धन्यवाद दिन चाहन्छु ।

**श्रद्देय सभाध्यक्ष महोदय,**
**आदरणीय सभाका सदस्य ज्यूहरु,**

आजको यस गरिमामय गाउँ सभामा श्रद्दय अध्यक्ष ज्यू बाट प्रस्तुत भएको नीति तथा कार्यक्रम र उक्त नीति कार्यक्रमलाई सफल पार्नको लागि विनियोजित बजेट बाट निसीखोला गाउँपालिकाको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने श्रद्दय गाउँपालिका अध्यक्ष ज्यू, सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी लगायत प्रत्यक्ष तथा परोक्ष सहयोग पुर्याउनु हुने पालिकाबासिहरुलाई धन्यबाद व्यक्त गर्दै, प्रस्तुत बजेटको सफल एवंम् प्रभावकारी कार्यान्वयनको विश्वास लिएको छु ।
धन्यबाद ।

प्रेम बहादुर घर्तिमगर
उपाध्यक्ष